नेपाल सरकार
# चलचित्र विकास बोर्ड
चाबहिल, काठमाडौं, नेपाल

फोन नं.: (+९७७ १) ४८१२३३२
४८१२३८७
फ्याक्स: (+९७७ १) ४८१२३६०

प.सं.:०७२-७३
च.नं.: 20

नेपाल सरकार चलचित्र विकास बोर्ड २०५७

मिति : २०७२।४।७

## प्रेस विज्ञप्ति

विषयः- **राष्ट्रिय चलचित्र पुरस्कारका सम्बन्धमा ।**

चलचित्र विकास बोर्डले २०७१ सालको राष्ट्रिय चलचित्र पुरस्कार तथा दीर्घ साधना सम्मान यही साउन १२ गते प्रदान गर्ने भएको छ । पुरस्कार राष्ट्रपति निवास शीतल निवासमा मंगलबार बेलुकी ३ बजे सम्माननीय राष्ट्रपतिज्यूबाट वितरण गरिनेछ । यो पटकको राष्ट्रिय चलचित्र पुरस्कार ८ (आठ) वटा विधामा प्रदान गरिदैछ । सोही दिन नेपाली चलचित्र क्षेत्रको राष्ट्रिय सम्मानका लागि स्वदेशी चलचित्रको विकास, विस्तार एवं प्रवर्द्धनमा निरन्तर रुपमा क्रियाशिल एवं समर्पित रही उल्लेखनीय योगदान पुऱ्याउनु हुने १ (एक) जना व्यक्तित्वलाई नगद र ताम्रपत्र सहित चलचित्र दीर्घ साधना सम्मान प्रदान गरिनेछ । दीर्घ साधना सम्मानको राशी रु.३५१,१११।- रहेको छ । बोर्डले यसपटक उत्कृष्ट चलचित्र, निर्देशक, अभिनेता, अभिनेत्री, लेखन, छायाङ्कन, सम्पादन र उत्कृष्ट आदिवासी जनजाति चलचित्रलाई पुरस्कृत गरिनेछ । यस पुस्कारमा २०७१ साल वैशाख देखि २०७१ साल चैत्र मसान्तसम्म सार्वजनिक प्रदर्शन भएका चलचित्रहरु मध्ये निर्णायक मण्डलबाट सिफारिशमा परेका उत्कृष्ट चलचित्र तथा चलचित्रकर्मीलाई पुरस्कृत गरिन लागिएको हो ।

(रुपा राना)
संयोजक
राष्ट्रिय चलचित्र पुरस्कार प्रचार प्रसार उपसमिति

जी.पी.ओ. बक्स नं. ४४००, सरस्वतीनगर, चाबहिल, काठमाडौं, नेपाल ● ई-मेल: fdbnepal@gmail.com, fdb@wlink.com.np, ● वेबसाईट: www.film.gov.np

Scanned by CamScanner